# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, मंसीर २ गते २०४८ साल (संख्या ३१

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले सम्पत्ति कर ऐन, २०४७ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी आ.व. २०४७।४८ र २०४८।४९ को सम्पत्ति विवरण २०४८ साल पौष मसान्तभित्र पेश गर्ने करदातालाई सोही ऐनको दफा २४ बमोजिम लाग्ने जरिवाना मिन्हा गरिदिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको सचिव

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी जनक शिक्षा सामग्री केन्द्रको लागि जनवादी गणतन्त्र चीनबाट पैठारी हुने अमेरिकी डलर ७,४०,९००।-- मूल्य बराबरको छपाइ कागज ६६ से.मि.×८९ से.मि.को ६० ग्रामेजको ९०० मे.टन र लेखाइ कागज १६"×२६" को ५० ग्रामेजको २०० मे.टन गरी जम्मा ११०० मे.टन कागजमा लाग्ने अतिरिक्त भन्सार महसूल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।